आज मिति २०८२ साल कार्तिक महिना २६ गते बुधबारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको पाँचौं वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| श्री बसन्त सिंह ठकुरी | सदस्य | का. वडा अध्यक्ष ३ |
| श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित उपस्थिति

| | | |
|---|---|---|
| श्री सन्दिप पौडेल | | उप-सचिव |
| श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| श्री सुर्य प्रसाद पौडेल | | प्रशासकीय अधिकृत |
| श्री हरि पराजुली | | ईन्जिनियर |

श्याम प्रसाद सापकोटा लेखापाल

आर्थिक वर्ष २०८२/०८३ को पाँचौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः
मितिः (२०८२/०७/२६)

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,

२. नबप्रवर्तन साझेदारी परियोजनाको लागि अवधारणा पत्र सम्बन्धमा,

३. कृषि विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० संशोधन सम्बन्धमा,

४. विविध

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८२/०७/१४ गते वसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को चौथो बैठकमा भएका निर्णयहरू समीक्षा गरिनुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू सिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश, पोखराको मिति २०८२/६/२८ गते नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्वन्धी सूचना बमोजिम यस नगरपालिकामा सञ्चालन हुने गरी प्रस्ताव गरिएको **"डिजिटल सिकाइ प्रवर्द्धन परियोजना"** सम्वन्धी अवधारणा पत्र पेश गर्ने र सो परियोजनाको लागि प्रस्तावित रकम रु. ४९,००,०००/- मध्ये ३० प्रतिशतले हुन आउने लागत रकम रु १४,७०,०००/- नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश, पोखराको नवप्रवर्तन साझेदारी परियोजना अन्तर्गत यस नगरपालिकामा सञ्चालन हुने गरी प्रस्ताव गरिएको **"डिजिटल सिकाइ प्रवर्द्धन परियोजना"** कार्यन्वयनका लागि तपसिल बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गर्नुका साथै यस कार्यालयका शिक्षा शाखा प्रमुख उप-सचिव श्री सन्दिप पौडेललाई फोकल पर्सन तोक्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| सूचना प्रविधि अधिकृत | सदस्य |
| परियोजना फोकल पर्सन (उप सचिव) | सदस्य सचिव |

## निर्णय नं. ४

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कृषि विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लाई देहाय बमोजिमका संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| कार्यविधिको दफा | हालको व्यवस्था | सशोंधन पछिको व्यवस्था |
|---|---|---|
| दफा ६ को खण्ड (क) मा सशोंधन | कृषिजन्य बालीको वीउ र विरुवा वितरण कार्यक्रममा नगर विकास योजना अनुसार अधिकतम ५०% सम्म हुनेछ | कृषि जन्य बालीको वीउ र विरुवा वितरण कार्यक्रममा दिईने अनुदान ८०% सम्म हुनेछ । |
| दफा ६ को खण्ड (ग) मा सशोंधन | व्यवसायिक खेती प्रवर्धन कार्यक्रमको हकमा अधिकतम ५०% सम्म हुनेछ | व्यवसायिक खेती प्रवर्धन कार्यक्रमको हकमा दिईने अनुदान ८०% सम्म हुनेछ । |
| दफा ६ को खण्ड (च) मा सशोंधन | मौरी घार र मौरीपालन सम्बन्धी अन्य उपकरणको हकमा अधिकतम ५०% | मौरी घार र मौरीपालन सम्बन्धी अन्य उपकरणको हकमा दिईने अनुदान ८०% सम्म हुनेछ । |
| थप गर्नुपर्ने | | कृषि प्रसारका कार्यक्रम संचालन गर्दा १०० % अनुदान हुनेछ । |
| थप गर्नुपर्ने | | व्यवसायिक तरकारी खेतीका लागि आवश्यक बासको टनेल निर्माण, थोपा सिचाई, प्लाष्टिक मल्चिङ, गार्डेन पाईप, हजारी स्प्रेएर लगायतका कृषि सामाग्रीहरुमा दिईने अनुदान ८०% सम्म हुनेछ । फालमको टनेल निर्माण लागि दिईने अनुदान ५०% हुनेछ । |

## निर्णय नं. ५

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकको लागि आयुर्वेद शाखाबाट आ. व. २०८२/०८३ को लागि पेश गरेको आयुर्वेदिक औषधीको दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नागरिक आरोग्य सेवा शिविर क्लिनिक सञ्चालन आ.व. २०८२/०८३ मा सञ्चालन गर्न सम्बन्धित शाखाको प्रस्ताव बमोजिम वडा नं. १ लाई निरन्तरता दिने र अर्को वडा नं. २ र ५ छनोट गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

प्रस्ताव नं. ४ माथि छलफल गर्दा छलफल गर्दा तनहुँ जिल्ला अदालतको चं.नं. १८ र मिति २०८२/०६/०५ गतेको पत्रानुसार मिति २०८२।०५।२४ गते भएको आगंजनी र तोडफोडका कारण अदालतमा रहेका जिन्सी सामान तथा मिसिल लगायतका कागजातहरु समेत जल्न पुगी सेवा प्रवाह गर्न असहज भएको साथै अदालतको आन्तरिक स्रोतबाट सामाग्रीहरूको व्यवस्थापन गर्न

नसकिने भएकोले A३ साइजको फोटोकपी गर्ने फोटोकपी मेसिनको माग भएको हुँदा भिमाद नगरपालिकाको आ.ब. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम सि.न. ८० नगरपालिका र मातहतका कार्यालयका लागि मेशिनरी तथा औजार खरिद शीर्षकबाट उल्लेखित समान खरिद गरि जिल्ला अदालत तनहुँलाई उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमको बुँदा नं. १७० मा विगतको राजश्व वृद्धिदर एंव राजश्व असुलीको संभावनाका आधारमा वडागत राजश्व लक्ष्य तोक्ने भनी उल्लेख भएकोले वडाहरुले तीन वर्षमा संकलन गरेको राजश्वको औषत भार निकाली त्यसमा १५ प्रतिशतले बढोत्तरी गर्नेगरी चालु आर्थिक वर्ष २०८२।८३ को सवै वडाहरुलाई तपसिल बमोजिम राजश्वको लक्ष्य निधारण गर्नको लागि राजश्व परामर्श समितिबाट गरिएको सिफारिसलाई स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | ३ वर्षको औषत | २०८२/०८३ को वार्षिक लक्ष्य |
|---|---|---|---|---|---|
| १ | ६,३६,०९२ | १०,७७,६१९ | ७,३१,१६२ | ८,१४,९५७ | ९,३७,२०० |
| २ | ६,०५,२७४ | ९,०८,५२६ | ७,८३,४४८ | ७,६५,७५० | ८,८०,६१० |
| ३ | ३,१९,३१२ | ४,७१,२९४ | ५,२२,११८ | ४,३७,५७५ | ५,०३,२१० |
| ४ | ४,०६,४५७ | ६,२३,४७२ | ५,४०,२३६ | ५,२३,३८८ | ६,०१,८९५ |
| ५ | ८,८६,४५७ | ११,०५,९३१ | १२,०८,९५४ | १०,६७,११४ | १२,२७,१८० |
| ६ | ८,१०,४१७ | ९,००,३५२ | ९,४८,७५५ | ८,८६,५०८ | १०,१९,४८५ |
| ७ | ५,४०,९१८ | ६,६४,९९७ | ७,२७,१२२ | ६,४४,३४५ | ७,४०,९९७ |
| ८ | ४,४१,१०० | ५,९२,५३७ | ३,२५,२३४ | ४,५२,९५७ | ५,२०,९०० |
| ९ | ४,०८,९३३ | ४,९०,९३८ | ५,२३,१०७ | ४,७४,३२६ | ५,४५,४७५ |

**निर्णय नं. ९**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको तपसिल बमोजिमको योजना भिमाद नगरपालिकाको वडा नं. ६ को सिफारिसमा योजनाको नाम संशोधन गर्ने निर्णय गरियो ।

| क्र.स | योजनाको नाम | विनियोजित रकम रु | सि.नं. | संशोधन पछि योजनाको नाम |
|---|---|---|---|---|
| १ | जारकोट दैके नयाँ ट्रयाक निर्माण योजना | ३,००,०००/- | १८ | जारकाटे दैके सडक स्तरोन्नती |

### निर्णय नं. १०

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लाई तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| संशोधन गर्नुपर्ने दफा र खण्ड | हाल भएको व्यवस्था | संशोधन पछिको व्यवस्था |
|---|---|---|
| प्रस्तावना | भिमाद नगरपालिकाको आ.व.२०८०/०८१ वार्षिक बजेट पुस्तिकामा समावेश मनोसामाजिक समस्या भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम (सि.नं. ८४) र नगरपालिका भित्रका 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिलाई निशुल्क स्वास्थ्य बीमा (सि.नं. ८५) शीर्षक अन्तर्गतको कार्यक्रम कार्यान्वयन गर्नको लागि भिमाद नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ । | भिमाद नगरपालिकाबाट वार्षिक रुपमा बजेट विनियोजन भई संचालन हुने अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयन गर्नको लागि भिमाद नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ । |
| दफा ३ मा उपदफा २ थप्ने | - | उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रका सरकारी, निजी, गैर सरकारी संघ संस्थावाट नियमित सुविधा नलिएका व्यक्तिले मात्र यस कार्यविधि बमोजिम सुविधा प्राप्त गर्ने छन् । |
| दफा ५ मा खण्ड घ थप्ने | - | लाभग्राहीले राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रका सरकारी, निजी, गैर सरकारी संघ संस्थावाट नियमित सुविधा नलिएको भनी स्वघोषणा गर्नुपर्नेछ । |

### निर्णय नं. ११

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिका भित्रको शहरी व्यवस्थापन, सेवा प्रवाहमा सहजता, जग्गा घरको अभिलेख व्यवस्थापन, ठेगाना प्रणालीको एकरूपता, नागरिक परिचय तथा बसोबास विवरण अद्यावधिक साथै व्यवशाय दर्ता अद्यावधिक गर्न आवश्यक भएकोले घरको नम्बर राख्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

### निर्णय नं. १२

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिकाक्षेत्र भित्र सञ्चालनमा आएका अधिकांश व्यापार व्यवसाय, फर्म, कम्पनी र उद्योगहरु कानुन बमोजिम नगरपालिकामा दर्ताको दायरा नआएको तथा दर्ता भएका पनि नविकरण नभएको अवस्थामा स्थानीय वजार व्यवस्थापन तथा अनुगमन ऐन, २०८१ बमोजिम बजार

अनुगमन गरी व्यवसाय दर्ता तथा नविकरण अभियान कार्यक्रम सन्चालन गरी सवै व्यवसायहरुलाई दर्ताको दायरामा ल्याई आन्तरिक राजश्वमा वृद्धि गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको भिमाद नगरपालिकाको वडा नं. ४ क्र. सं. ६ मा रहेको भिम गुफा मोटर मार्ग गोकल्डी खण्ड प्रदेश समपुरक अनुदानको योजनामा पालिकाको साझेदारी रकम रु १८,००,०००/- लाई उक्त वडाको पिरुङडाँडा दलित बस्ती एक घर एक धारा खानेपानी निर्माण योजनामा विनियोजन गर्ने निर्णय गरियो ।